बागमती प्रदेश सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, धादिङ

(कार्यक्षेत्र धादिङ जिल्ला)

सूचना नं.-१/०८१/०८२

प्रथम पटक प्रकाशित मितिः २०८१/०७/०९

कृषि विकास कार्यालय धादिङको चालु आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यालयको लागत साझेदारीमा संचालन हुने तपशिलमा उल्लेखित कार्यक्रमहरु सम्वन्धित कार्यविधिहरुमा उल्लेख भए अनुसार जिल्ला भित्रका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मितिः २०८१/०७/२९ गते) कार्यालय समय भित्रमा रीतपूर्वक तोकिएको ढाँचामा उल्लेखित आवश्यक कागजात सहित यस कार्यालयमा प्रस्ताव पेश गर्नका लागि आव्हान गरिन्छ।

तपशिल

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रमको लक्ष्य | बजेट रु.लाखमा | प्रस्ताव पेश गर्न सक्ने आवेदक | कार्यक्रमको लागि न्युनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | गोठेमल/भकारो सुधार कार्यक्रम | ४० वटा | १० | कृषक समूह/कृषि सहकारी | एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१ | |
| २. | साना सिंचाई निर्माण कार्यक्रम | १६ वटा | ४८ | कृषक समुह, कृषि सहकारी, कृषि फर्म | | |
| ३. | बाझो खेतमा साना सिंचाई कार्यक्रम | २ वटा | ६ | | | |
| ४. | लसुन/प्याज प्रवर्द्धन कार्यक्रम | १ पटक | १० | | | |
| ५. | रैथाने वाली प्रबर्धन कार्यक्रम | १० हेक्टर | १० | | | |
| ६ | कफि खेती प्रवर्द्धन कार्यक्रम | १० हेक्टर | १० | | | |
| ७ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | ३४ हेक्टर | ६८ | | | |
| ८ | व्यवसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रम | २१ हेक्टर | २१ | | | |
| ९ | खाध्यन्न बाली प्रवर्द्धन कार्यक्रम | २० हेक्टर | २० | | | |
| १० | संरक्षित संरचनामा गोलभेंडा खेति प्रबर्धन कार्यक्रम | ३ वटा | २१ | | | |
| ११ | संरक्षित संरचनामा तरकारी खेति प्रबर्धन कार्यक्रम | ३ पटक | ४८ | | | |
| १२ | प्रांगारिक मल वितरण कार्यक्रम | १ पटक | १० | कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म | | |
| १३ | स्मार्ट एग्रीकल्चर प्रविधि अवलम्वन सहयोग कार्यक्रम | १ पटक | १० | व्यवसायिक तरकारी उत्पादन कार्यमा संलग्न निजी कृषि फर्म | | |

गोविन्द प्रसाद पोखेल
कार्यालय प्रमुख
अधिकृतस्तर दशौं

वागमती प्रदेश सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, धादिङ

(कार्यक्षेत्र धादिङ जिल्ला)

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम | १५ वटा | १५ | विपन्न,अल्पसंख्यक, सिमान्कृत जाती, एकल महिला, दलित एवं उनिहरुबाट गठित कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म | खाद्य प्रणाली रुपान्तरणका लागि मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० <u>आवश्यक थप कागजातहरु</u> आर्थिक रुपले विपन्न तथा अल्पसंख्यक, सिमान्कृत, दलित, पिछडिएका जातीहरु खुल्ने कागजात |
| १५ | कृषि उपजहरुको मुल्य श्रृखला विकास कार्यक्रम (बाली उत्पादनोपरान्त तथा बजारी करण सहयोग) | १ पटक | १० | कृषक,कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म | कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृखला विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१ |
| १६ | कृषि उद्यमशिलता विकास कार्यक्रम | १८ वटा | ३६ | निजी कृषि फर्म र कृषक/कृषि उद्यमी | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ |

<u>प्रस्ताव पेश गर्दा संलग्न राख्नुपर्ने आवश्यक कागजातहरु</u>

- रु १० को हुलाक टिकट टाँस गरी कार्यविधिमा तोकिएको ढाँचामा प्रस्ताव सहितको निवेदन माग फारम
- कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्मको दर्ता प्रमाण पत्र, नविकरण, कर चुक्ता र प्यान दर्ता प्रमाण पत्रको छाँयाप्रती
- समूह, सहकारीको हकमा संस्थाको योजना माग सम्वन्धमा गरिएको निर्णयको छाँयाप्रती
- सम्वन्धित स्थानीय तहको निवेदक पूर्ण वा आंशिक रुपम कृषि पेशामा आवद्ध भएको, कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने, खेती गरी रहेको जमिनको विवरण खुल्ने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र
- कार्यक्रम संचालन तथा संरचना निर्माण गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि। जग्गा भाडामा लिएको भए फलफूल तथा अन्य बहुवर्षीय बालीको हकमा कम्तिमा १५ वर्ष, स्थायी प्रकृतिको संरक्षित संरचना निर्माणका लागि कम्तीमा १० बर्ष, अन्य स्थायी प्रकृतिको संरचना निर्माणका लागि २० बर्ष र एक वर्षीय बालीको हकमा कम्तिमा ५ वर्षको करार सम्झौता गरेको हुनुपर्ने छ
- प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै संघ संस्थाबाट सोहि कामको लागि सहयोग लिए/नलिएको स्व-घोषणा पत्र
- संचालन गरिने कार्यक्रमको प्रस्तावनामा संचालन गरिने कृयाकलापहरु, र अनुमानित खर्च विवरण प्रस्टसँग उल्लेख गर्नु पर्नेछ
- संचालन गरिने कार्यक्रमको प्रस्तावनामा संचालन गरिने कृयाकलापहरु र सो कार्यमा संलग्न हुने कृषक वा सदस्यहरुको विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ।
- संरक्षित संरचनामा तरकारी खेति प्रबर्धन कार्यक्रम र संरक्षित संरचनामा गोलभेंडा खेति प्रबर्धन कार्यक्रमको हकमा संरचना निर्माण गरिने जमिन समुन्द्र सतहबाट ८०० मिटर उचाई भन्दा माथि रहेको र संरचना निर्माण गर्न उपयुक्त हुनु पर्नेछ

गोविन्द प्रसाद पोखेल
कार्यालय प्रमुख
अधिकृतस्तर दशौं

बागमती प्रदेश सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, धादिङ

(कार्यक्षेत्र धादिङ जिल्ला)

बागमती प्रदेश सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय
धादिङ

- भकारो सुधार कार्यक्रमको हकमा एउटै क्लष्टरमा १० वटा भकारो सुधार गर्न इच्छुक कृषक समुह वा सहकारीले प्रस्ताव पेश गर्नु पर्नेछ तथा एक जना कृषकले कम्तीमा २ वटा पशु पालन गरेको हुनु पर्नेछ
- विगतका वर्षमा कुनै पनि कार्यक्रममा सहभागी नभएका संस्थाहरुलाई प्राथमिकता दिइने छ
- सूचनामा उल्लेख नभएका कुराहरुको हकमा कार्यक्रम कार्यान्वयन कार्यविधि तथा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ

नोटः- कार्यक्रम कार्यान्वयनको क्रममा कार्यविधि शंशोधन भएको खण्डमा शंशोधित कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गरिनेछ

पूनश्चः रित नपुगी वा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही हुने छैन

- थप जानकारीः यस कार्यालयको सूचना पाटी, वेवसाइट "akcdhading.gov.np" फेसबुक पेज " कृषि विकास कार्यालय धादिङ " फोन नं. ०१०-५२०१२८ वा सम्वन्धित स्थानीय पालिकाको सूचना पाटीबाट प्राप्त गर्न सक्नु हुनेछ
- कार्यक्रम संचालन कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेशको Website; http://molmac.bagamati.gov.np बाट प्राप्त गर्न सकिने छ।

गोविन्द प्रसाद पोखेल
कार्यालय प्रमुख
अधिकृतस्तर दशौं